का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ माघ २०८१,

बिहीबार

16 January, 2025

Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक ३२८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सत्ताविरुद्ध भयको राजनीति





बंगलादेश र श्रीलंका जस्तो स्थिति नेपालमा छैन । सडकबाट मानिसहरू जुरुक्क उठेर सत्ता पल्टाउने स्थिति अहिले छैन

■ **युवराज ज्ञवाली**
**उपाध्यक्ष, नेकपा एमाले**



श्रीलंका र बंगलादेशको उदाहरण देखाएर आफूलाई चोखो र जबाफदेहीविहीन बनाउने प्रयासमा प्रचण्ड छन्

■ **अरूण सुवेदी**
**राजनीतिक विश्लेषक**

- *बुधबार विपक्षी दलहरूको बैठकमा नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले बंगलादेश, दक्षिण कोरिया र श्रीलंकाको उदाहरण पेस गर्दै ती देशहरूमा देखिएको असन्तुष्टि नेपालमा पनि भित्रभित्रै बढ्दै गएको बताए। अन्तर्राष्ट्रिय परिस्थिति र नेपालभित्रको परिस्थितिले उथलपुथलको सम्भावना उनले प्रकट गरे ।*
- *१९ भदौमा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालमा बंगलादेश र श्रीलंकाको स्थिति निम्तिने सक्ने चेतावनी दिए ।*
- *२८ असारमा पनि प्रचण्डले भनेका थिए- 'श्रीलंका र बंगलादेशबाट नेपालले पाठ सिक्नुपर्छ।'*

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २ माघ ।

डेढ वर्ष शासन चलाएर गत असारमा बहिर्गमन भएका प्रचण्ड र नेपालले नेपालको वर्तमान राजनीतिलाई श्रीलंका र बंगलादेशसँग तुलना गर्दै नेपालमा पनि त्यस्तै स्थिति आउने चेतावनी दिँदै आएका हुन् ।

कहिले राजा, कहिले कांग्रेस-एमालेलगायत शक्ति, कहिले भूराजनीतिक शक्तिहरूसँग अन्तर्विरोध सिर्जना गर्ने, त्यहाँभित्रको खिचातानी वा संकटलाई उपयोग गर्दै अगाडि बढ्ने अध्यक्ष प्रचण्डको पुरानो बानी हो । प्रचण्ड र नेपालले किन श्रीलंका र बंगलादेशको दृष्टान्त दिँदै आएका हुन भन्ने जिज्ञासा उत्पन्न भएको छ ।

प्रचण्डले बारम्बार श्रीलंका र बंगलादेश बनाइदिने धक्की दिनुको कारण सत्ता छाड्दाको कुण्ठा भएको कतिपयले विश्लेषण गरेका छन् । वर्तमान सरकारको बढ्दो अलोकप्रियताको फाइदा उठाउने दाउमा उनको यस्तो अभिव्यक्ति आएको हुन »» पृष्ठ २ मा

# दबाबमा अध्यादेश

**सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई एक पटकका लागि जग्गा दिनेगरी आएको भूमि अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले होल्ड गरेर पनि रोक्न भने सकेनन् । नेताहरूका अनुसार सत्ता गठबन्धनमै समस्या आउन सक्ने भएपछि दबाबमा राष्ट्रपतिले भूमि अध्यादेश जारी गरेका हुन्**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ माघ ।

भूमिसम्बन्धी अध्यादेश जारी भएको छ । मन्त्रिपरिषद्ले ५ वटा अध्यादेश जारी गर्नका लागि सिफारिस गरेको थियो। ती ५ मध्ये यसअघि ४ वटा अध्यादेश जारी गरेका राष्ट्रपति रामचन्द्र पौडेलले भूमिसम्बन्धी अध्यादेश होल्ड गरेका थिए ।

तर, सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई एक पटकका लागि जग्गा दिनेगरी आएको भूमि अध्यादेश राष्ट्रपति पौडेलले होल्ड गरेर पनि रोक्न भने सकेनन्। नेताहरूका अनुसार सत्ता गठबन्धनमै समस्या आउन सक्ने भएपछि दबाबमा राष्ट्रपतिले भूमि अध्यादेश जारी गरेका हुन् ।

सरकारी र सार्वजनिक जग्गामा बसेका देशभरका भूमिहीन जनतालाई कुनै स्थानको जग्गा लालपुर्जासहित उपलब्ध गराउने व्यवस्था अध्यादेशमा छ ।

भूमि आयोगले गरेको सिफारिसका आधारमा कामलाई तीव्रता दिने हिसाबले व्यवस्था गरिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका



अनुसार हालको घर जग्गा व्यवसाय गर्न हदबन्दीमा छुट दिइएको तर हदबन्दी बढीको जग्गा विक्री गर्न रोक लगाउने कानुनमा परिवर्तन गर्न खोजिएको छ। घर जग्गा व्यवसायीले हदबन्दीभन्दा बढीको जग्गा स्वीकृति लिई तोकिएको अवधिभित्र विकसित गरी घर घडेरी विक्री गर्न पाउने र सार्वजनिक प्रयोजनका लागि छुटचाइएको जग्गालाई धितो बन्धक राख्न, विक्री गर्न नपाउने व्यवस्था अध्यादेशमा गरिएको छ।

सुरु नापी हुँदाका बखत गौचर, हाट, घाट, बजार वा वन क्षेत्र या बुटचानले ढाकिएको भनिएको तर त्यस्तो जग्गामा घर टहरा बनाई लामो समयदेखि बसोबास गरेका भूमिहीन दलित, »» पृष्ठ २ मा

कर्णालीमा जलविद्युत् आयोजना

# कतै लगानी परिवर्तन, कतै ठेक्का प्रक्रिया रद्द

**यी परियोजनाहरूमा लगानी आकर्षित गर्न धेरै चासो देखाइएको छ तर स्थानीय विवाद र असहमति साथै सरकारी तहबाट समेत विरोधका कारण विकास प्रक्रिया रोकिएको छ**

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २ माघ ।

कर्णाली प्रदेश जलविद्युत् उत्पादनका लागि एक प्रमुख सम्भावनायुक्त क्षेत्र मानिन्छ । यहाँ दर्जनौं साना र ठूला जलविद्युत् आयोजना संचालन गर्न सकिने अध्ययनले पुष्टि गरेका छन् ।

यहाँको जलविद्युत् सम्भावनाले धेरै स्वदेशी र विदेशी लगानीकर्ताहरूलाई आकर्षित गरेको छ तर विभिन्न विवाद र सरकारी तथा स्थानीय विरोधका कारण यी आयोजनाहरू अगाडि बढ्नमा समस्या उत्पन्न भएको छ ।

कर्णाली प्रदेशमा १ हजार ९०२ मेगावाटको मुगु कर्णाली, ९०० मेगावाटको माथिल्लो कर्णाली, ४८० मेगावाटको फुकोट कर्णालीलगायतका परियोजनाहरू छन् । यी परियोजनाहरूमा लगानी आकर्षित गर्न धेरै चासो देखाइएको छ तर स्थानीय विवाद र असहमति साथै सरकारी तहबाट समेत विरोधका कारण विकास प्रक्रिया रोकिएको छ ।

मध्यपश्चिम विश्वविद्यालयका पूर्वडीन पीताम्बर ढकालले »» पृष्ठ २ मा



*१०६ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजना*

## लगानी संरचना नै परिवर्तन

माथिल्लो कर्णाली ९०० मेगावाट जलविद्युत् आयोजनाको लगानी संरचना परिवर्तन भएको छ। वित्तीय स्रोत जुटाउन मात्र १० वर्षको समय पाइसकेको भारतीय कम्पनी ग्रान्धी मल्लिकार्जुन राव (जीएमआर)ले माथिल्लो कर्णालीको शेयर संरचना परिवर्तनका लागि दिएको निवेदन स्वीकृत भएसँगै वित्तीय व्यवस्थापन गर्ने बाटो खुलेको हो ।

लगानी बोर्डको ६०औं बैठकबाट जीएमआरले बुझाएको शेयर संरचना परिवर्तनको प्रस्ताव स्वीकृत भएको हो । नयाँ लगानी संरचना स्वीकृत भएसँगै अब माथिल्लो कर्णालीमा जीएमआरको ३४ प्रतिशत, भारतीय सरकारी कम्पनी सतलज »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगार ऐन संशोधनको प्रस्ताव

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार ऐन, २०६४ मा आमूल परिवर्तन गरेर संशोधनको प्रस्ताव गरेको छ। मन्त्रालयबाट सार्वजनिक भएको संशोधन संसद्बाट जस्ताको तस्तै पारित भए वैदेशिक रोजगार प्रशासन पूर्ण रूपले कर्मचारीको तजबिजीमा जाने सरोकारवालाहरूको भनाइ छ।

मन्त्रालयले तयार गरेको वैदेशिक रोजगार ऐन, २०६४ को संशोधन मस्यौदा मन्त्रीस्तरीय निर्णय गरी सरोकारवालाको राय-सुझावका लागि भन्दै २२ पुसमा मन्त्रालयको वेबसाइटमा राखिएको छ। सरोकारवालाहरूले १५ दिनभित्र इमेलमार्फत कारणसहितका लिखित सुझाव मन्त्रालयलाई दिन सक्ने छन् ।

सार्वजनिक मस्यौदामा ऐनको प्रस्तावनादेखि नै निजी क्षेत्रले हाल पाइरहेको भूमिका खुम्च्याउँदै लगिएको छ। वैदेशिक रोजगार बोर्ड सचिवालय गठन, तालिमलगायतका पक्षमा निजी क्षेत्रलाई हाल कायम रहेको जिम्मेवारी कटौती गरेर उनीहरूको भूमिका ठूलो मात्रामा खुम्च्याइएको छ ।

प्रस्तावना कुनै पनि ऐनको आत्मा मानिन्छ । प्रस्तावनाले ऐन निर्माणको उद्देश्य र आवश्यक प्रस्ट पार्ने ठानिन्छ । अदालतमा ऐनको व्याख्या गर्दा उद्देश्य प्राप्ति नभएमा प्रस्तावनाको व्याख्याको सहारा लिने प्रचलन हुन्छ ।

वैदेशिक रोजगार ऐन, २०६४ को प्रस्तावनामा 'वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्नका लागि' भन्ने व्यवस्था छ । तर, संशोधन मस्यौदामा 'वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित बनाई वैदेशिक रोजगारीमा जाने कामदारको अधिकार सुरक्षित गर्न बाञ्छनीय भएकाले' मात्र प्रयोग भएको छ ।

यदि मस्यौदामा उल्लेखित भाषा हुबहु पारित भएमा हालको ऐनले व्यवस्था गरेको वैदेशिक रोजगारीमा जाने कामदारको हित संरक्षण हुने भए पनि करोडौं लगानी गरेका व्यवसायीको हक हितको संरक्षण गर्न मन्त्रालय बाध्य हुने छैन । मस्यौदामा वैदेशिक रोजगार बोर्डको सचिवालय संरचनामा पनि आमूल परिवर्तन गरिएको छ । हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको »» पृष्ठ २ मा

## वैदेशिक रोजगार व्यवसायी बरालको निधन



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी सुभद्रादेवी बरालको निधन भएको छ । नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघकी उपाध्यक्ष बरालको बुधबार बिहान करिब २ बजे राजधानीको ह्याम्स अस्पतालमा उपचारका क्रममा निधन भएको हो । एसआरएस ओभरसिज प्रा.लि.की संचालकसमेत »» पृष्ठ २ मा

# काठमाडौंबाट पनि रवि रिहा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ ।

जिल्ला अदालत काठमाडौंले काठमाडौंको कालीमाटीमा रहेको स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई धरौटीमा रिहा गर्ने आदेश दिएको छ ।

थुनछेक बहसपछि अदालतका न्यायाधीश माधवप्रसाद अधिकारीको एकल इजलासले बुधबार लामिछानेलाई ६० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको हो । योसँगै लामिछानेले अब हिरासत बाहिर बसेर नै मुद्दाको पुर्पक्ष गर्न पाउने भएका छन् ।

लामिछानेले ६० लाख रुपैयाँ तिर्न नसकेको अवस्थामा आफूले तिरिदिने भन्दै प्रभु बैंक ग्यारेन्टी बसिदिएपछि रिहा भएका हुन्। काठमाडौं जिल्ला अदालत, लामिछाने र प्रभु बैंकबीचको छलफलपछि यस्तो निर्णय भएको हो । लामिछानेका तर्फबाट रमानन्द घिमिरेले जमानत दिएको प्रभु बैंकको पत्रमा पेस गरिएको छ ।

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा २ कात्तिकमा पक्राउ परेका लामिछाने ८४



दिनपछि गत बिहिबार ६५ लाख रुपैयाँ धरौटी बुझाएर पोखराबाट छुटेका थिए । कास्की जिल्ला अदालतबाट »» पृष्ठ २ मा

**Urgently Required**

A reputed Recruiting Agency is seeking following position.

| S.No. | Post | Salary NRs. |
|---|---|---|
| 1. | Public Relation Officer (PRO) : 5 (M/F) | 30,000 + Above |
| 2. | HR Manager - 2 (M/F) | 40,000 to 50,000 |
| 3. | Documentation Officer - 3 (M/F) | 22,000 to 25,000 |

**Qualification:** More than 3 years Experience in Manpower field .
Mob.: 9851076620 / Email : goldencrown514@gmail.com

GOLDEN CROWN OVERSEAS PVT. LTD. | Sinamangal, Kathmandu | Tel 01-5922362

मध्यान्ह
www.madhyanhadaily.com

३ माघ २०८१ बिहीबार
16 January 2025, Thursday

# पूर्वतयारीका कामलाई प्रभावकारी बनाइने छ : प्रधानमन्त्री

**काठमाडौं/मस**-प्रधानमन्त्री केपी शर्मा ओलीले भूकम्पजस्ता प्राकृतिक विपद्बाट जोगिनका लागि सबै क्षेत्रबाट प्रभावकारी पूर्वतयारी गरिनुपर्नेमा जोड दिएका छन् ।

सत्ताइसौँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसका सन्दर्भमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा बुधबार कीर्तिपुरमा आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री ओलीले २०७२ सालको भूकम्पपछि पुनः निर्माण भएका एकीकृत बस्तीहरुमा तुलनात्मकरुपमा सुरक्षाको स्थिति रहेको बताए। उनले एकीकृत बस्तीमा रोजगारी र आय आर्जनको वातवरण भने कम हुने स्थिति नहुने गरी आगामी दिनमा पुनः विचार गर्नुपर्नेमा जोड दिए ।



प्रधानमन्त्री ओलीले भूकम्प प्राकृतिक कारणले आउने हुँदा यसलाई टार्न नसकिने भएकाले भूकम्प प्रतिरोधी घर र संरचना बनाउन सकिए क्षति कम हुने उल्लेख गर्दै माघ महिनालाई भूकम्पीय सुरक्षाको स्मरणका साथै नेपालको लोकतन्त्र प्राप्तिको आन्दोलनको सङ्घर्षमा होमिएका शहीदहरुको स्मरणको महिनाका रुपमा पनि लिइएको बताए ।

'बहत्तर सालको भूकम्पपछि हामीले पुनः निर्माणमा राम्रा उपलब्धि र हासिल गरेका छौँ । त्यसका सिकाइलाई लिएर आगामी दिनमा अझ व्यवस्थित बस्ती विकास पूर्व तयारीका काममा लाग्नुपर्नेछ', प्रधानमन्त्री ओलीले भने, 'विज्ञहरुसँग छलफल गरेर हामीले आगामी दिनमा भूकम्प र विपद्बाट हुन सक्ने क्षतिको पूर्वतयारीमा गम्भीर भएर लाग्नुपर्छ । सरकारले यसको अगुवाइ गर्नेछ ।"

कार्यक्रममा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशनमानसिंह, गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, प्रतिनिधिसभा सदस्य राजेन्द्र केसीलगायतको उपस्थिति थियो ।

## सत्ताविरुद्ध...

सक्ने अनुमान पनि गरिएको छ । यही लाइनमा अध्यक्ष नेपालको अभिव्यक्ति पनि छ ।

श्रीलंका र बंगलादेश बनाइदिने धम्की दिएर परिस्थितिलाई भड्काउन खोजेको आरोप प्रचण्डमाथि लाग्दै आएको छ ।

आफूलाई सत्ताच्युत गर्न मुख्य भूमिका खेलेका नेकपा एमाले अध्यक्ष तथा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीका कारण भँडास पोखेको वा सौदाबाजीका हिसाबले उनले लगातार धम्की दिएको हुन सक्ने विश्लेषण गरिँदै छ ।

प्रचण्ड र नेपालले भनेजस्तै नेपाल अहिले बंगलादेश वा श्रीलंका बन्ने खतरा नरहेको विश्लेषकहरूको भनाइ छ ।

एमालेका उपाध्यक्ष युवराज ज्ञवाली भन्छन्, 'बंगलादेश र श्रीलंका जस्तो स्थिति नेपालमा छैन । यहाँ जननिर्वाचित संसद् छ, राजनीतिक दलहरू छन् । सडकबाट मानिसहरू जुरुक्क उठेर सत्ता पल्टाउने स्थिति अहिले छैन ।'

विश्लेषकहरूका अनुसार बंगलादेश र श्रीलंकाको भन्दा नेपालको अवस्था फरक रहेकाले विपक्षी नेताहरूले भनेजस्तै तत्काल नेपालमा जनविद्रोह सम्भव छैन ।

जानकारहरूका अनुसार एमाले अध्यक्ष ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र अन्य नेताहरूबारे प्रश्न उठाउने प्रशस्त ठाउँ भए पनि त्यस दायराबाट प्रचण्ड र नेपाल पनि मुक्त छैनन् ।

कांग्रेस र एमालेभित्र अन्तरविरोध सिर्जना गर्न खोज्ने प्रचण्डले श्रीलंका र बंगलादेशको उदाहरण देखाएर आफूलाई चोखो र जबाफदेहीविहीन बनाउने प्रयासमा रहको राजनीतिक विश्लेषक अरुण सुवेदी बताउँछन् ।

**के भएको थियो श्रीलंका र बंगलादेशमा ?**

श्रीलंकामा २ वर्षअघि आर्थिक संकट आएको थियो । मूलतः महँगी र उपभोग्य सामानको अभावबाट पिल्सिएका जनता सडकमा मात्र उत्रिएनन्, राष्ट्रपतिको निवास नै नियन्त्रणमा लिएका थिए । राष्ट्रपति गोटाबाया राजापाक्षेले देश छाडेर भाग्नुपरेको थियो ।

आर्थिक र राजनीतिक संकटका कारण श्रीलंकाका राष्ट्रपतिले देश छाडेको २ वर्षपछि दक्षिण एसियाकै अर्को राष्ट्र बंगलादेशमा त्यस्तै घटना दोहोरियो । बंगलादेशमा प्रदर्शनकारीले २१ साउनमा प्रधानमन्त्री शेख हसिनाको निवास नियन्त्रणमा लिए । जनविद्रोहका कारण हसिना राजीनामा दिएर देशै छाडेर भारतको शरणमा गइन् ।

श्रीलंकामा डेढ दशकदेखि राजापाक्षे परिवारको शासन थियो, बंगलादेशमा हसिना पनि १६ वर्षभन्दा बढी समयदेखि लगातार सत्तामा थिइन् । तर, उनीहरूको गलत क्रियाकलापले आक्रोशित जनताले दुवै देशका शासक भगाए । त्यसयता नेपाली राजनीतिमा पनि श्रीलंका र बंगलादेशको चर्चा भइरहेको छ तर यहाँ नागरिक समाजभन्दा बढी शासनको केन्द्रमै बसेका व्यक्तिहरूले यो भाष्य चर्काएका छन् ।

सशस्त्र द्वन्द्व त्यागेर २०६३ सालमा शान्ति प्रक्रियामा आएको १८ वर्षदेखि माओवादी लगातार सरकारमा छ । माओवादीबाट प्रचण्ड ३ पटक र डा. बाबुराम भट्टराई १ पटक प्रधानमन्त्री भइसकेका छन् । नेपाल पनि एक पटक प्रधानमन्त्री भइसकेका हुन् ।

यदि देश श्रीलंका वा बंगलादेशकै हालतमा पुग्ने अवस्थामा आए त्यसका प्रमुख जिम्मेवारमध्ये प्रचण्ड पनि हुने राजनीतिक विश्लेषकहरूको भनाइ छ । तर, आफ्नो जिम्मेवारीलाई चटक्कै बिर्सेर उनीहरूले श्रीलंका र बंगलादेशको उदाहरण दिएर 'भयको राजनीति' गरेका राजनीतिक वृत्तमा चर्चा हुन थालेको छ ।

विश्लेषकहरूका अनुसार आशा जगाउने क्षमता नभएका नेताले डर देखाएर शासन गरिरहको र त्यसको अभिव्यक्ति प्रचण्ड र नेपालबाट आएको हो । डर सिर्जना गर्ने र त्यसको निवारणको शक्ति आफैँसँग छ भन्ने देखाएर सत्तामा जाने वा टिकिरहने चालमा राजनीति घुमिरहेको उनीहरूको भनाइ छ ।

'राजा फर्किन्छन्, लोकतन्त्र मासिन्छ, गणतन्त्र जान्छ भन्नेदेखि उत्तर वा दक्षिणको डर देखाएर राजनीति गर्ने काम भइरहेको छ, क्षमता नभएको नेतृत्वले गर्ने चालबाजी हो', विश्लेषक सुवेदी भन्छन् ।

## दबाबमा...

भूमिहीन सुकुम्वासीलाई निःशुल्क र अव्यवस्थित बसोबासीलाई तोकिएको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउने व्यवस्था अध्यादेशमा गरिएको छ ।

यो अध्यादेश राष्ट्रपतिले होल्ड गरेपछि नेपालको राजनीति नै तरंगित भएको थियो । नेताहरूका अनुसार प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा संवादमा जुटेका थिए । कांग्रेसभित्रसमेत असन्तुष्टि बढेको थियो । अध्यादेश रोकिए सरकारकै निरन्तरतालाई लिएर कतिपयले प्रश्न गर्न थालेपछि देउवाले नै राष्ट्रपतिलाई फोन गरे ।

यसबीचमा प्रधानमन्त्री ओलीले पनि राष्ट्रपति पौडेललाई फोन गरे । फोन संवादमा प्रधानमन्त्री ओलीले एक पटकका लागि जग्गा दिने भनिएको र राष्ट्रपतिको चासोलाई भूमिसम्बन्धी अध्यादेश संसद्मा पेस गर्दा सच्याउने प्रतिबद्धता जनाए । त्यसपछि राष्ट्रपति पौडेलले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरेका हुन् । नेताहरूका अनुसार प्रधानमन्त्री ओलीले बुधबार बिहान राष्ट्रपति पौडेललाई फोन गरेका थिए । त्यस क्रममा संसद्मा अध्यादेश पेस गर्दा सच्याएर लैजाने बताएका हुन् । त्यसपछि बुधबार बेलुकी नै राष्ट्रपति पौडेलले अध्यादेश जारी गरेका हुन् ।

प्रधानमन्त्री ओलीले बुधबार नै पत्रकार सम्मेलन गरेर राष्ट्रपतिलाई अध्यादेश अध्ययन गर्न समय लागेकाले जारी हुन केही ढिलो भएको भनेर बचाउ गरेका थिए ।

नेताहरूले जे जस्तो दाबी गरे तापनि सुकुम्वासीसँग सम्बन्धित विषयमा ठूलो राजनीति जोडिएकाले राजनीतिक सरगर्मी नै बढेको थियो । तर, दबाबमा राष्ट्रपति पौडेल अध्यादेश जारी गर्न बाध्य भएका बताइएको छ ।

## कतै...

कर्णालीको जलविद्युत् आयोजना विकासका लागि विशेष गरेर राजनीतिक अस्थिरता, कानुनी असमझदारी र स्थानीय विरोधका कारण लगानीकर्ताहरूले जोखिम लिन इच्छुक नभएको बताए । उनले यसका लागि दीर्घकालीन रणनीतिहरू, पूर्वाधार विकास र स्थानीय समुदायको सहभागिता अत्यावश्यक रहेको बताए ।

**जगदुल्ला र फुकोट कर्णाली आयोजनामा विवाद**

कर्णाली प्रदेशमा ठूलो विवाद उत्पन्न गरेको एक परियोजना भनेको १०६ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजना हो । यसको ठेक्का प्रक्रिया रद्द गरिएको छ । डोल्पा जिल्लामा प्रस्तावित उक्त आयोजना निकै विवादित बनेको छ । यहाँ सरकारी कम्पनीले प्राविधिक कमजोरीको आधारमा ठेक्का रद्द गरेको हो । साथै, ऊर्जामन्त्री दीपक खड्काको दबाबमा केही कम्पनीहरूले प्रतिस्पर्धा छाड्नुपर्ने दबाब परेको र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी पनि परेको छ ।

यस्तै, कालीकोट जिल्लामा निर्माणाधीन ४८० मेगावाटको फुकोट कर्णाली जलविद्युत् आयोजनाको काम पनि सर्वोच्च अदालतमा विचाराधीन मुद्दाका कारण रोकिएको छ । भारतीय कम्पनी एनएचपीसीसँग भएको सम्झौतामा स्वामित्वको विवादले आयोजना विकासमा जटिलता थपेको छ ।

विद्युत् उत्पादन कम्पनीको ४९ प्रतिशत र भारतीय कम्पनी एनएचपीसी लिमिटेडको ५१ प्रतिशत शेयर स्वामित्वमा आयोजना विकास गर्ने सम्झौता भएको र सर्वोच्चमा मुद्दाविचाराधीन रहेका कारणले अन्य काम अगाडि बढाउन नसकिएको फुकोट कर्णाली जलविद्युत् आयोजनाका प्रमुख डम्बर उप्रेतीले बताए ।

## लगानी...

जलविद्युत् विकास निगम (एसजेभीएन)को ३४ प्रतिशत, भारतीय नवीकरणीय ऊर्जा विकास एजेन्सी (इरेडा)को ५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत शेयर कायम रहने छ । सर्वोच्च अदालतले जीएमआरलाई माथिल्लो कर्णालीमा आगामी ४ माघभित्र लगानी जुटाउन आदेश दिइसकेको छ ।

२०६५ सालमा नेपाल सरकारले भारतीय कम्पनी जीएमआरसँग उक्त आयोजनाको सम्भाव्यता अध्ययन गर्नेगरी 'एमओयू' गरेको थियो । त्यसको ६ वर्षपछि २०७१ सालमा आयोजना विकासका लागि पहिलो पीडीए सम्झौता भएको थियो । उक्त सम्झौताअनुसार २ वर्षभित्र वित्तीय व्यवस्थापन गर्ने र निर्माण थाल्ने सम्झौता भएको थियो । तोकिएको समयमा वित्तीय व्यवस्थापन हुन नसकेपछि जीएमआरलाई २०७३ र २०७४ सालमा १/१ वर्षको म्याद थप गरिएको थियो । उक्त अवधि २०७५ असोजसम्म कायम थियो तर जीएमआरले त्यो अवधिभित्र पनि वित्तीय स्रोत जुटाउन सकेन । यता, १ हजार ९०२ मेगावाट मुगु कर्णाली जलविद्युत् आयोजनामा धेरैको चासो छ ।

भारतीय अनाडी ग्रुप, भारतीय कम्पनी एनएचपीसी लिमिटेड र नेपालको सीजी इनर्जी प्रा. लि.ले चासो देखाएका थिए । तर, सीजी इनर्जीको मात्र आवेदन दिएको छ । यो चौधरी समूहको कम्पनी हो ।

मुगु कर्णाली जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्न ४ खर्ब ६० अर्ब रुपैयाँ लाग्ने अनुमान छ । यो आयोजना सार्वजनिक-निजी साझेदारी मोडेलमा निर्माण गर्ने योजना रहेको र त्यहीअनुसार स्वपुँजीको कम्तीमा ५१ प्रतिशत लगानी गर्न इच्छुकसँग आशयपत्र मागेको थियो । लगानीकर्ताले मुगु कर्णालीमा कम्तीमा ५८ अर्ब ६५ करोड रुपैयाँ स्वपुँजी लगानी गर्नुपर्ने छ ।

## वैदेशिक...

रहेकी ५८ वर्षीया बरालको स्वास्थ्यमा समस्या आएपछि मंगलबार राति ह्याम्स अस्पताल लगिएको थियो । न्यून रक्तचाप र मिर्गौलामा समस्या देखिएपछि उनको भेन्टिलेटरमा राखेर उपचार गरिएको थियो ।

स्व. बरालको बुधबार नै पशुपति आर्यघाटमा धार्मिक विधिअनुसार अन्तिम संस्कार गरिएको छ। स्व. बरालको निधनमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाले कर्मठ र जुझारु व्यवसायी गुमाएको भन्दै श्रद्धाञ्जलि व्यक्त गरेका छन् ।

श्रद्धाञ्जलि व्यक्त गर्न नेकपा (एकीकृत समाजवादी)की सचिव एवं पूर्वमन्त्री रामकुमारी झाँक्री, नेपाली कांग्रेसकी केन्द्रीय सदस्य लक्ष्मी खतिवडा, संघका अध्यक्ष राजेन्द्र भण्डारी, महासचिव मेघनाथ भुर्तेलसहित पदाधिकारी तथा सदस्यहरू, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दीपक थापासहित कार्यसमिति पदाधिकारी तथा सदस्यहरू, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलसहित कार्यसमिति पदाधिकारी र सदस्यहरू पशुपति आर्यघाटमा उपस्थित थिए ।

त्यस्तै, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैशीसहित पदाधिकारी तथा सदस्यहरू, संघका पूर्वअध्यक्षहरू, कानुनी सल्लाहकार तथा ठूलो संख्यामा व्यवसायी तथा आफन्तजन पशुपति आर्यघाटमा उपस्थित थिए ।

## वैदेशिक...

अध्यक्षतामा रहने बोर्डमा मन्त्रालयका राज्यमन्त्री वा सहायकमन्त्री भए उपाध्यक्ष, राष्ट्रिय योजना आयोग सदस्य, मन्त्रालयका सचिव, सचिवले तोकेको १ जना सहसचिव, गृह मन्त्रालयका सचिव वा सचिवले तोकेको सहसचिव, परराष्ट्र, अर्थ, कानुन, महिला बालबालिका मन्त्रालयको सहसचिवसहित वैदेशिक रोजगार विभागको महानिर्देशक, नेपाल राष्ट्र बैंकको प्रतिनिधि बोर्डमा सदस्य रहने व्यवस्था छ ।

यसका अतिरिक्त नेपाल सरकारद्वारा मनोनीत १ जना महिलासमेत २ जना वैदेशिक रोजगारका विशेषज्ञहरू, नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्ष र संघले मनोनयन गरेको १ जना महिला प्रतिनिधि, वैदेशिक रोजगारसम्बन्धी सीपमूलक र अभिमुखीकरण तालिम संचालकहरूमध्येबाट महिलासहित २ जना सदस्य, कम्तीमा एमबीबीएस उत्तीर्ण १ चिकित्सक, ४ जना ट्रेड युनियन प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का १/१ सदस्य गरी २५ जना सदस्य र कार्यकारी निर्देशक सदस्य सचिव रहने व्यवस्था छ ।

तर, संशोधनको मस्यौदामा मान्यता प्राप्त ट्रेड युनियन महासंघको अध्यक्षबाहेक निजी क्षेत्रको कुनै पनि प्रतिनिधित्व राखिएको छैन । बोर्डमा वैदेशिक रोजगारीमा गएका कामदारले जम्मा गरेको अर्बौं रुपैयाँ छ । अख्तियारको पटकपटकको निगरानीपछि पछिल्ला वर्षहरूमा बोर्डको रकम दुरुपयोग रोकिए पनि अघिल्ला धेरै वर्षमा उक्त रकम व्यापक दुरुपयोग हुँदा महालेखापरीक्षकको कार्यालयले पटकपटक बेरुजु औंल्याउँदै आएको थियो । महालेखाले औंल्याएका कतिपय बेरुजु हालसम्म पनि फछ्र्यौट हुन नसकेका बताइएको छ ।

त्यस्तै, अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको सट्टामा कुनै कामदारका लागि सीपमूलक तालिम आवश्यक पर्ने भए त्यस्तो तालिम लिएको प्रमाणपत्र भनेर हाल श्रम स्वीकृतिका लागि अनिवार्य गरिएको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको अनिवार्यतालाई छायामा पारिएको छ । संशोधित मस्यौदामा हालको ऐनका धेरै दफाहरूलाई परिवर्तन गरिएको छ ।

धेरै विषयमा असन्तुष्टि जनाएका सरोकारवालाहरूले सुरुमा मन्त्रालयले माग गरेअनुसार परिमार्जनका लागि राय-सुझाव दिने तर दिइएका राय-सुझाव नसमेटिए विभिन्न विकल्पको प्रयोग गरेर सुधारका लागि मन्त्रालयलाई दबाब दिने बताएका छन् ।

## काठमाडौंबाट...

धरौटीमा रिहा भएपछि लामिछाने गत आइतबार अदालतमा उपस्थित भएसँगै बयान र थुनछेक बहस सुरु भएको थियो ।

स्वर्णलक्ष्मीमा सहकारीमा भएको रकम अपचलनसम्बन्धी मुद्दामा लामिछानेलाई प्रतिवादी बनाइएको थियो। उक्त सहकारीबाट ६९० जना बचतकर्ताको १ अर्ब १९ करोड ३० लाख ९० हजार ४९३ रुपैयाँ हिनामिना भएको पाइएको छ ।

गोरखा मिडिया नेटवर्कमा कानुनविपरीत उक्त सहकारीबाट ५ करोड ७८ लाख ९८ हजार ४८० रुपैयाँ लगेको प्रहरीको अनुसन्धान निष्कर्ष छ। लामिछानेविरुद्ध उक्त रकम बराबर बिगो मागदाबी गरिएको छ ।

अदालतले उक्त मुद्दामा लामिछाने अहिले नै कसुरदार होइनन् भन्न सक्ने अवस्था नदिएको भन्दै धरौटी माग गरेको हो । 'अहिले नै प्रतिवादी रवि लामिछाने प्रस्तुत वारदातमा कसुरदार होइनन् भन्न सक्ने अवस्था नदिएकोले प्रस्तुत मुद्दाको प्रकृतिसमेतलाई मध्यनजर राखी मुद्दाको कारबाहीको शिलशिलामा प्रमाण परीक्षण गर्दै जाँदा ठहरेबमोजिम हुनेगरी मुद्दा पुर्पक्षको प्रयोजनका लागि हाललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतका आधारमा यी प्रतिवादी रवि लामिछानेबाट ६० लाख रुपैयाँ नगद धरौटी वा सो बराबरको जेथा जमानत दिए लिई तारिखमा राख्नू', आदेशमा भनिएको छ ।

त्यसअघि बुधबार लामिछानेको तर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्त र रमण श्रेष्ठले बहस गरेका थिए । त्यस्तै, सुरज बस्नेत र राजेन्द्रप्रसाद सेढाईंले पनि उनको पक्षमा बहस गरेका थिए ।

बहसका क्रममा लामिछानेका वकिलहरूले सहकारी ठगी प्रकरणमा लामिछाने निर्दोष भएको जिकिर गरेका थिए। सरकारले दूषित मनशायका साथ अदालतमा अभियोगपत्र दायर गरेको उनीहरूको आरोप थियो ।

वरिष्ठ अधिवक्ता श्रेष्ठले जीबी राईले ठगी गरेर गोरखा मिडिया नेटवर्कमा रकम ल्याएको बारेमा लामिछानेलाई थाहा नभएको दाबी गरे ।

उनीहरूको बहस सकिएपछि बचतकर्ता (जाहेरवाला)का तर्फबाट जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख रामहरि शर्मा काफ्ले, जिल्ला न्यायाधिवक्ता खडिन्द्रराज कटुवाल र सहायक न्यायाधिवक्ता गणेशकुमार शर्माले जबाफी बहस गरेका थिए ।

त्यस्तै, पीडितका तर्फबाट वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र दिनेश त्रिपाठीले बहस गरेका थिए । यस क्रममा लामिछानेले पनि करिब १ मिनेट आफ्नो धारणा राखेका थिए ।

यसअघि लामिछाने ८४औं दिनमा गत बिहीबार रिहा भएका थिए । जिल्ला अदालत, कास्कीका न्यायाधीश नीतिज राईको इजलासले लामिछानेलाई ६५ लाख रुपैयाँ धरौटीमा रिहा गरेको थियो ।

पोखरास्थित सूर्यदर्शन सहकारीमा बचतकर्ताको रकम अनियमितता भएको प्रकरणमा १६ असोज २०८० पूर्वअध्यक्ष जीबी राई, उनका दाजु भूपेन्द्र राई, अध्यक्ष थानबहादुर बुढालगायत १९ जनाविरुद्ध कास्की अदालतमा मुद्दा दर्ता भएको थियो । पीडितले २२ माघ २०८० मा सभापति लामिछानेसहित १८ जनाविरुद्ध कास्की प्रहरीमा पूरक जाहेरी दिएका थिए ।

प्रतिनिधिसभामा नेपाली कांग्रेसले सहकारीको रकम अपचलनका विषयमा संसदीय समिति गठन गरेर छानबिन हुनुपर्ने माग निरन्तर राखेपछि १५ जेठमा सहकारी समस्याबारे छानबिन गर्न एमाले सांसद् सूर्य थापाको नेतृत्वमा संसदीय विशेष समिति गठन भएको थियो । समितिले सहकारीको रकम अपचलनमा लामिछानेसमेतलाई दोषी ठहर गर्दै ४ असोजमा सरकारलाई प्रतिवेदन बुझाएको थियो ।

विभिन्न सहकारीबाट अवैधानिक रूपमा गोर्खा मिडियामा पुगेको बचत रकम खर्च गर्ने क्रममा प्रबन्ध निर्देशकका हैसियतमा लामिछानेको पनि संलग्नता देखिएको आरोपमा लामिछानेविरुद्ध अन्य जिल्लामा पनि अनुसन्धान भइरहेको छ ।

लामिछानेविरुद्ध बुटवलको सुप्रिम, चितवनको साहारा र पर्साको सानो पाइला सहकारीको रकम अपचलनसम्बन्धी पनि मुद्दा छन् ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०३

फन हेटौडा बेकरी एण्ड क्याफे प्रा.लि. को २०८१/०८/३० गते सम्पन्न विशेष/ वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी फन हेटौडा बेकरी एण्ड क्याफे प्रा.लि. (प्रा.लि. नं. ३०३०६९) कायम गर्ने गरी मिति २०८१/०९/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Parsa National Park**
Aadhabhar, Bara

**Invitation for Bids for the procurement of works**

**Date of publication: 2081/10/03**

Parsa National Park, Aadhabhar, Bara invites electronic bids only from Nepalese eligible bidders for the construction of Project as mentioned below under NCB procedures (Single-Stage: Single -Envelope Bidding Procedure). Eligible Bidders may obtain all further information at the office of PNP, Aadhabhar or may visit https://parsanationalpark.gov.np/ or may visit PPMO's website http://www.bolpatra.gov.np/egp.

| S.N. | Contract ID | Name of Project | Estimated Amount Excluding VAT and Contingencies | Bid Security (NRs) | Bid Document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | PNP//W/NCB/ 05/081-82 | Solar Fencing Construction Work | 43,23,020.35 | 1,25,000.00 | 3000.00 |

**Senior Conservation Officer**

**UAE मा रोजगार** | कम्पनी: JUMA SALMIN BUILDING CLEANING LLC | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/२१ | चलानी नं.: ६०२१७९४८ | L.T. No.: 303014 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 30 | 0 | स. काममा दक्ष | 1000 | ३७,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता ग्रीन्ड प्यासिफिक होटल, झापामा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, सुनसरीमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता रोज पार्टी प्यालेस, बुटवलमा २०८१ माघ ११ गते (24 January 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८१ माघ १२ गते (25 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHER RECRUITMENT**
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११
Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304,
Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035
Itahari Contact No: 9816368105/9810591900

**UAE मा रोजगार** | कम्पनी: AL NAJMA AL FAREEDA INTERNATIONAL BUILDING MAINTENANCE LLC | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/२५ | चलानी नं.: ६०२२०६९० | L.T. No.: 305979 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३०,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 25 | | 900 | ३३,८९४ | | | | | | | |
| 3. | Security Guard | 50 | 10 | | 1200 | ४५,१९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**साउदीमा रोजगार** | कम्पनी: Shop MARZOUK HAMAD BEN MARZOUK AL KULAIB For Beverages | शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/१०/०२ | चलानी नं.: ६०२३१३७१ | LT. No.: 317194

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४४,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०८३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com

**UAE मा रोजगार** NOOR AL SAQAR TECHNICAL AND CLEANING SERVICES
पुर्व स्विकृति मितिः 2025/01/15 चलानी नं. 60231358 LT No. 317114

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N.Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 1 | काममा दक्ष | 1200 | 45164 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | ० |
| 2 | Carpenter | 3 | | 1200 | 45164 | | | | | | | | |
| 3 | Scaffolder | 1 | | 1200 | 45164 | | | | | | | | |
| 4 | Gypsum/Ceiling Workers | 2 | | 1200 | 45164 | | | | | | | | |
| 5 | Cleaners Workers | 2 | | 1200 | 45164 | | | | | | | | |
| 6 | Plasterer | 1 | | 1200 | 45164 | | | | | | | | |
| 7 | Tile Layer | 2 | | 1200 | 45164 | | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ माघ १० गते (23 January 2025) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**आकृति रिक्रुटिङ्ग प्रा. लि.**
सिनामंगल, काठमाडौं, फोन नं.: ०१-४११०८२६, ४११०८११
श्रम इजाजत पत्र नं.: ९१७/०६७/०६८

# राज्यमन्त्री चौधरीको सांसद पद जोगियो



**काठमाडौं/मस-** सर्वोच्च अदालतले पर्यटन राज्यमन्त्री अरुणकुमार चौधरीको योग्यता विवाद सम्बन्धी रिट खारेज गरेको छ ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले बुधबार निर्णय सुनाउँदै रिट खारेज गरेको छ । रिट खारेजीसँग चौधरीको सांसद पद जोगिएको छ ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल र मनोजकुमार शर्माको इजलासले रिट खारेज गरेको छ ।

नागरिक उन्मुक्ति पार्टी (नाउपा) सांसद चौधरी प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्न समेत योग्य नभएकाले उनलाई पदमुक्त गर्नुपर्ने माग राखी अधिवक्ता वसन्त जोशीले १७ चैत २०७९ मा रिट दायर गरेका थिए । उनी कैलाली क्षेत्र नम्बर २ का सांसद निर्वाचित भएका थिए । फौजदारी कसूरमा सजाय ठहर भएका चौधरीको सांसदको उम्मेदवार बन्न योग्यता नपुग्ने भएकाले उनी निर्वाचित भएको भन्ने निर्वाचन आयोगको घोषणा बदर हुनुपर्ने रिटमा मागदाबी गरिएको थियो । ३ भदौ २०६६ मा लुरत २११ नम्बरको ट्रयाक्टर जलाएको भन्दै २ भदौ २०६७मा महादेव बजगाईंले कैलाली जिल्ला अदालतमा चौधरीसहित ३ जनाविरुद्ध मुद्दा दायर गरेकोमा कैलाली जिल्ला अदालतले २०७० सालमा उनलाई दोषी ठहर गरी ६ महिना कैद र ८ लाख १८ हजार ४२३ रुपैयाँ पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने फैसला सुनाएको थियो तर उनी फरार थिए ।

२०७९ सालको चुनावमा नाउपाबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएपछि २०७९ माघमा प्रहरीले उनलाई पक्राउ गरी कारागार पठाएको थियो । तर राष्ट्रपतिले उनको कैद माफ गरेपछि उनी पुनः सांसदकै हैसियतमा काम गर्न थाले र गत साउनमा पर्यटन राज्यमन्त्री नियुक्त भए । त्यसपछि उनीविरुद्ध रिट दायर भएको थियो ।

# सबै प्रदेशमा आपत्कालीन गोदामघर तयार



**काठमाडौं/मस-**गृहमन्त्री रमेश लेखकले विगतको तुलनामा विपद् प्रतिकार्यमा आफ्नो क्षमता विकासमा प्रगती भएको बताएका छन् ।

बुधबार किर्तिपुरमा आयोजित २७ औं भूकम्प सुरक्षा दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै गृहमन्त्री लेखकले खोज, उद्धार तथा राहतका क्षेत्रमा प्रशिक्षक र तालिमप्राप्त उद्धारकर्मीहरू तयार भएको जानकारी दिदैं सुरक्षा निकाय र प्रतिकार्यमा क्रियाशील संस्थाहरूको व्यवस्थित परिचालन गर्न आवश्यक व्यवस्था गरिएको बताए ।

उनले विपद्को समयमा अत्यावश्यक सामाग्रीहरूको भण्डारणलाई प्रभावकारी बनाउन आपतकालीन गोदामघर सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी सबै प्रदेशमा आपतकालीन गोदामघर हस्तान्तरण गर्ने तयारी भइरहेको बताए । 'आगामी दिनमा भूकम्प प्रतिरोधी संरचना निर्माणको अभियानलाई थप प्रभावकारी बनाएर लगिनेछ,' गृहमन्त्री लेखकले भने, 'सरकारी निकाय, निजी क्षेत्र र गैरसरकारी संस्था लगायत समुदायस्तरमा पूर्वतयारी, प्रतिकार्य र पुनर्निर्माण क्षमता अभिवृद्धि गर्ने कार्य गरिनेछ,' गृहमन्त्री लेखकले भने ।

जाजरकोट लगायतका भूकम्पबाट प्रभावित नागरिकका लागि अस्थायी आवास बनाउन ५० हजार रुपैयाँ सहयोग गर्ने अस्थायी निर्माण सम्बन्धी मापदण्ड मन्त्रिपरिषद्बाट स्वीकृत भइ लागू भइसककेको मन्त्री लेखकले जानकारी दिए । 'स्थायी आवास निर्माण सम्बन्धी कार्यविधि कार्य समितिको बैठकबाट पारित भइसकेको छ,' उनले भने, 'जाजरकोट भूकम्पबाट भएको क्षतिको आंकलन यसै महिनाबाट प्रारम्भ गरिनेछ ।'

# मौलिक संस्कृतिलाई आयआर्जनसँग जोड्ने लुम्बिनी सरकारको तयारी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ माघ




लुम्बिनी प्रदेश सरकारले माघे संक्रान्ति तथा माघ पर्वको अवसरमा माघ मिलन कार्यक्रम सम्पन्न गरेको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेश राजधानी परिसर राप्ती उपत्यका देउखुरीमा बुधबार माघ मिलन कार्यक्रमको आयोजना गरेको हो ।

थारु, मगर, नेवार लगायतका समुदायको सांस्कृतिक पहिचान झल्कने झाँकीसहित प्रदेश सरकारले भव्य रुपमा माघ मिलन कार्यक्रम गरेको छ । थारु समुदायको रैथाने खानाहरुको प्रबर्द्धन गरिएको छ । ढिक्री, खरिया, बरिया, फुलौरी लगायतका परिकारहरु समेत पस्किएको छ ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले माघ मिलन कार्यक्रमको उद्घाटन गर्दै मौलिक कला संस्कृतिको संरक्षणसँगै त्यसलाई आय आर्जनसँग जोड्ने गरी प्रदेश सरकारले कार्यक्रम बनाएको बताए । 'माघे संक्रान्ति तथा माघ साझा पर्व हो । लुम्बिनी प्रदेशमा भावनात्मक सम्बन्ध बलियो बनाउन र थप एकता कायम गर्न मद्दत गरेको छ' मुख्यमन्त्री आचार्यले भने, 'मौलिक कला संस्कृतिलाई पर्यटनसँग जोड्न जरुरी छ । कला संस्कृतिलाइ पर्वमा मात्रै सिमित गर्ने होइन, अन्य दिनमा पनि संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्न जरुरी छ ।'

प्रदेश सरकारले थारु तथा मगर समुदायको कला संस्कृतिको संरक्षण गर्दै आयआर्जन बढाउन होमस्टे सञ्चालनका लागि सीप हस्तान्तरण गर्ने बताए ।'हाम्रा कला संस्कृतिलाई जोगाउँदै समुदायको आर्थिक आम्दानीसँग जोड्न जरुरी छ । यसका लागि प्रदेश सरकारले होमस्टे सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छ' उनले भने,'समुदायको आर्थिक सशक्तिकरण नगर्दासम्म समृद्धि र विकासको चाहना पुरा हुन सक्दैन । यस अर्थमा कला संस्कृतिको संरक्षण र प्रबर्द्धन जरुरी छ ।'

प्रदेशको विविधता आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्ने खालको भएकाले त्यसको प्रचार-प्रसार गर्दै पर्यटक आवागमनलाई बढाउन जोड दिए ।

प्रदेश सरकारले मौलिक पर्वहरुलाई सम्मान गर्दै प्रवर्द्धनको नीति लिएको र सोही अनुरुप प्रदेश स्थापना भएदेखि माघ पर्वलाई भव्य रुपमा आयोजना गरिँदै आएको जानकारी दिए ।

आन्तरिक मामिला तथा कानूनमन्त्री आदेशकुमार अग्रवालको अध्यक्षतामा भएको कार्यक्रम मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख तुलाराम घर्तीमगरले माघ साझा पर्व भएकाले यसले मौलिक कला संस्कृति संरक्षण गर्न महत्वपूर्ण भूमिका खेलेको बताए ।

'पहिचानहरुको संरक्षण गर्न जरुरी छ । यसका लागि सभ्यता जोगाउन आवश्यक छ' उनले भने, 'प्रदेश सरकार स्थापना भएदेखि मौलिक कला संस्कृतिको संरक्षण गर्न तल्लिन छ ।' नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजीत थारुले माघ पर्वले एक आपसमा भावनात्मक सम्बन्ध बलियो बनाउन भूमिका खेलेको बताए ।

'मौलिक सांस्कृतिले समुदायमा खुसी र उत्सव कायम गरेको छ' उनले भने, 'कला संस्कृतिको संरक्षण गर्दै अब आर्थिक गतिविधिलाई बढाउन जरुरी छ ।' प्रदेश सभा सदस्य निमा गिरीले मौलिक कला संस्कृतिको सम्वर्द्धन सबैको साझा मुद्दा बनेको बताइन् । आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रेखा कँडेलको स्वागत मन्तब्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण वरिष्ठ शाखा अधिकृत गंगाधर पाण्डेले गरेका थिए । प्रदेश सरकारले माघ पर्वलाई सम्मान गर्दै सार्वजनिक विदा समेत दिएको छ ।

# कोशी प्रदेशमा प्राकृतिक विपद्का कारण १० अर्ब बढीको क्षति



**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, २ माघ

कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले प्रदेश सरकारले भवन ऐन कडाईका साथ लागुगर्ने बताएका छन् । कोशी प्रदेश सरकारले २०७६ मा भवन ऐन बनाएको भएपनि प्रभावकारी रुपमा कार्यान्वयन नभएको बताउँदै मन्त्री भण्डारीले प्रादेशिक कानुन कार्यान्वयनमा जोड दिने बताए ।

बुधबार कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले आयोजना गरेको '२७औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०८१' कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले भूकम्प सुरक्षाको लागि बलियो संरचना हुनु अत्यन्तै आवश्यक रहेको बताए । उनले अब बन्ने नयाँ भवनको नक्सा हुनु पहिले भवन आचार संहितामा पालना गरे/नगरेको कडाईको साथ हेरिने बताए ।

मन्त्री भण्डारीले संरचना निर्माणमा मापदण्ड पूरा नगर्दा भूकम्पले ठूलो क्षति पुऱ्याएको भन्दै यस्ता प्रकोप न्यूनीकरणको लागि भवन आचार संहितामा पालनामा कडाई गरिने बताए ।

कतिपय गाउँपालिका दक्ष इन्जिनियर नभएका कारण पनि जथाभावी नक्सा पास गर्ने गरेको तथा भनसुनको आधारमा भवनको नक्सा पास गरेको पाइएकाले त्यस्तो प्रवृतिलाई रोक्न स्थानीय तहले नक्सा पास गर्नुभन्दा पहिला प्रदेशको स्टक्चर इन्जिनियरले स्वीकृति दिनुपर्ने नियम लागु गरेर लैजाने तयारी रहेको बताए । एक महिनाभित्रमा यो व्यवस्थालाई लागु गरेर लैजाने उनले प्रतिबद्धता व्यक्त गरे ।

भूकम्प विज्ञ रामकुमार दाहालद्वारा प्रस्तुत प्रतिवेदनका अनुसार १० वर्षमा विपद्का १२ हजार ३ सय ४२ वटा घटनामा १२ सय ५९ जनाको मृत्यु भएको छ भने १ सय ८२ जना बेपत्ता भएका छन् । १० वर्षमा २ हजार ४ सय १९ जना घाइते भएका छन् भने ४६ हजार १ सय ८५ घर पूर्ण रुपमा क्षति भएको प्रतिवेदनमा उल्लेख छ । ७३ हजार ५ सय ५६ वटा घरमा आशिंक क्षति भएको छ । कोशी प्रदेशमा विगत १० वर्षयता विपद्का कारण १० अर्ब ३८ करोड ७० लाख ३२ हजार ३८ रुपैयाँ आर्थिक क्षति भएको छ ।

कोशी प्रदेशमा १० वर्षयता भूकम्पका ८६ वटा घटनामा ६२ जनाको मृत्यु भएको उल्लेख छ । ३ जना बेपत्ता र ३ सय ८९ जना घाइते भएका छन् । ३७ हजार ९ सय ६१ घरमा पूर्ण क्षति भएको र ६१ हजार २८ वटा घरमा आशिंक क्षति भएको प्रस्तुत प्रतिवेदनमा जनाइएको छ । करिब ६० लाखको आर्थिक क्षति भएको छ । पहिला कोशी प्रदेश केन्द्र विन्दु भएर भूकम्प जाने भएपनि पछिल्लो समयमा पश्चिमतिर केन्द्र विन्दु भएर बढी भूकम्प जान थालेको विज्ञ दाहालले बताए । उनका अनुसार कोशी प्रदेश पनि भूकम्पको उच्च जोखिममा रहेको छ ।

कार्यक्रममा कोशी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अशोक कुमार साहले कोशी प्रदेशको भूकम्पीय सुरक्षाको अवस्थाको बारेमा जानकारी गराएका थिए । उनले कोशी प्रदेशमा भूकम्प सुरक्षित भवनहरु एकदमै कम रहेको बताए । घर बनाउदा नक्सा पास गरेपनि भूकम्पीय सुरक्षालाई ध्यान नदिने गरेको बताउँदै उनले भवनहरु बनाउँदा यसमा बढी जनचेतना जगाउँनुपर्ने अवस्था रहेको बताए । भूकम्पका कारण भौतिक संरचना ढलेर किचेर ८० प्रतिशत मानिसहरुको मृत्यु हुने गरेको समेत उनले जानकारी दिए ।

# जसपा नेपालले बलिदानी दिवस मनाउने



**मनु यादव निरज/मध्यान्ह**
लहान, २ माघ

जनता समाजवादी पार्टी नेपालले आउँदो माघ ५ गते बलिदानी दिवस मनाउने भएको छ । केन्द्रीय अध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवको प्रमुख आतिथ्यमा सिरहामा आयोजना गरिने दिवसलाई सफल बनाउन लहानमा पार्टीका कार्यकर्तासँग पूर्व तयारी बैठक सम्पन्न भएको छ । लहानस्थित कुश्वाहा धर्मशालामा आयोजित बैठकमा पार्टीका जिल्ला समन्वय समितिका प्रमुख दिनेश महतोको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा केन्द्रदेखि स्थानीय तहसम्मका नेता, कार्यकर्ताहरू तथा समाजका अगुवाहरूको उपस्थिति रहेको थियो ।

बैठकमा सहभागी नेताहरूले बलिदानी दिवसको महत्व र त्यसको सफल आयोजना सम्बन्धी विभिन्न दृष्टिकोण प्रस्तुत गरेका थिए । सांसद राजकुमार गुप्ता, पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य तथा मधेश प्रदेश सांसद ललिता दास, जनता समाजवादी पार्टी नेपाल केन्द्रीय सदस्य तथा मधेश प्रदेश सांसद बैधनाथ प्रसाद साह, जनता समाजवादी पार्टी नेपाल केन्द्रीय सदस्य शत्रुधन मण्डल, जनता समाजवादी पार्टी नेपाल प्रदेश सदस्य प्रयागलाल यादव, जनता समाजवादी पार्टी नेपाल क्षेत्रीय अध्यक्ष रामचलितर महतो, लहान नगरपालिकाका उपप्रमुख लगायतको उपस्थित रहेको बैठकले बलिदानी दिवसलाई भव्य र स्मरणीय बनाउने लक्ष्यसहित विविध एजेन्डाहरूमा छलफल गरेको थियो ।

नगर र गाउँ तहसम्मका कार्यकर्ताहरूलाई व्यापक रूपमा परिचालन गरी आमसभामा जनसहभागिता सुनिश्चित गर्ने बैठकले निर्णय गरेको छ । बैठकमा मन्तव्य राख्दै जसपा नेपालका नेताहरूले बलिदानी दिवस मधेश आन्दोलनको ऐतिहासिक संघर्ष र वीर सपूतहरूको योगदानलाई सम्मान गर्ने अवसर भएको बताएका थिए ।

बैठकमा सांसद राजकुमार गुप्ताले यो दिवसले आन्दोलनको मार्गचित्रलाई पुनः स्थापित गर्ने बताए । यस्तै दिनेश महतोले बलिदानी दिवसलाई ऐतिहासिक बनाउन कुनै पनि कसर बाँकी नराख्ने बताए । कार्यक्रमको व्यवस्थापनका लागि सबै सदस्यहरूले आ-आफ्ना जिम्मेवारी बहन गर्ने प्रतिबद्धता जनाए ।

# रास्कोटमा इलाका प्रशासन कार्यालय भवनको शिलान्यास



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २ पुस

कालीकोटको रास्कोट नगरपालिकामा प्रशासनिक भवनको शिलान्यास गरिएको छ । बुधबार नगर प्रमुख धर्मराज शाही, उपप्रमुख मनिराज बराल र नेकपा (एमाले) नगर कमिटी अध्यक्ष कालिबहादुर शाहीले संयुक्त रूपमा भवनको शिलान्यास गरेका हुन् ।

ईलाका प्रशासन कार्यालय स्थापनापछि नागरिकलाई आधुनिक र सहज सेवा उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ । स्थानीय प्रशासनका सेवाहरू प्रभावकारी बनाउने उद्देश्यले निर्माण गरिने यो भवनले रास्कोट नगरपालिका र छिमेकी पालिकाका बासिन्दालाई प्रत्यक्ष लाभ पुऱ्याउने छ । शिलान्यास कार्यक्रममा नगर प्रमुख शाहीले भवन निर्माण कार्य समय सीमाभित्र सम्पन्न गरी नागरिकलाई सरल, छिटो, र प्रभावकारी सेवा दिने प्रतिबद्धता जनाए । नगर उपप्रमुख बरालले भवनले कार्यालयका विभिन्न सेवा कक्ष, अभिलेख कक्ष, र नागरिकमैत्री सेवा क्षेत्र समेट्ने जानकारी दिए ।

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय सुर्खेत(डोली प्रादेशिक कार्यालयहरू) र रास्कोट नगरपालिकाको करिब ३ करोड ३० लाखको साझा लगानीमा भवन निर्माण हुनेछ । भवन निर्माणको जिम्मा सुवास, भावना, निशान जे.भि निर्माण सेवाले पाएको छ ।

स्थानीय नागरिकहरूले यो भवन निर्माणले प्रशासनिक सेवा छिटो र प्रभावकारी बनाउनेमा विश्वास व्यक्त गरेका छन् । भवन निर्माण कार्यले समग्र क्षेत्रमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

## नाम, थर र जन्ममिति फरक परेको सूचना

**जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८१/०८२, च.नं. ३३७६ र मिति २०८१।१०।०२ को पत्रअनुसार बागमती प्रदेश, चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. ८ निवासी भारतीय सेना आर्मी नं. JC-६०३२०१F Rank SUB का प्रकाश थापाको पेन्सन अभिलेखमा छोरी सुहाना थापाको जन्ममिति २०००।०४।२४ उल्लेख रहेको र निजको छोरीको नागरिकता प्रमाणपत्रमा जन्ममिति २०५९।१२।२६ (२००३।०४।०९) गते उल्लेख भई फरक परे तापनि भारतीय पेन्सन अभिलेख र नेपाली नागरिकतामा उल्लेख भएको जन्ममिति भएको व्यक्ति एउटै भएको भनी भरतपुर महानगरपालिका ८ नं. वडा कार्यालयको च.नं. २०८५, मिति २०८१।०९।२९ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।**


जन्ममिति फरक परेको व्यक्ति

## योग्य होल्डिङ्स प्रा.लि. उद्योग को CNG र LNG रिफिलिङ गर्ने उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी

### सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/१०/०३**

मधेश प्रदेश, बारा जिल्ला, जितपुर-सिमरा उपमहानगरपालिका वडा नम्वर- ११ मा योग्य होल्डिङ्स प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **नामः** योग्य होल्डिङ्स प्रा.लि.<br>**उद्योगको ठेगाना**: मदेश प्रदेश, बारा जिल्ला, जितपुर-सिमरा उपमहानगरपालिका वडा नम्वर-११<br>**कित्ता नं-**२२०, ३०५, ३०७, ३०९, ५९<br>**जग्गा क्षेत्रफल-** २ बिगाहा १५ कठ्ठा १९ धुर<br>**फोन नं.**: ९८५११५०२०७ |
| प्रस्तावको व्यहोरा | वार्षिक उत्पादन क्षमता<br>CNG re-filling 30000-MT<br>LNG Refilling30000- MT |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | मदेश प्रदेश, बारा जिल्ला, जितपुर-सिमरा उपमहानगरपालिका वडा नम्वर-११ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको उपमहानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | **नामः** योग्य होल्डिङ्स प्रा.लि.<br>**उद्योगको ठेगाना:** मधेश प्रदेश, बारा जिल्ला, जितपुर-सिमरा उपमहानगरपालिका वडा नम्वर-११<br>**फोन नं.:** ९८५११५०२०७ |
| परामर्शदाताको नाम र ठेगाना: | **नाम:** ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.<br>**फोन नः** ९८४६४०४११८<br>**ठेगाना:** नयाँ बानेश्वर, काठमाण्डौ<br>**ई-मेल:** purisajan23@gmail.com<br>**फोन नं.:** ९८४६४०४११८ |
| सम्बन्धित विभागको नाम र ठेगाना: | **नामः** प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग<br>**ठेगाना:** त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल<br>**ई-मेलः** info@doind.gov.np<br>**फोन नं.:** ०१-४२६१२०३ |

**यूएईमा रोजगार** कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC
पूर्व स्वीकृत मितिः २०८१/०२/२९ चलानी नं.: ६०२२०९७२ L.T. No.: 306278 शहर : Dubai पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 17 | सम्बन्धित काममा दक्ष | 800 | ३०,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | ROOM ATTENDANT | 19 | 0 | | 800 | ३०,१२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HUMAN CARE RESOURCE AND RECRUITMENT PVT.LTD
Sinamangal,Kathmandu, Nepal. Tel : 01-5916386
E-mail : humancare2001@gmail.com Web : www.humancarerecruit.com
श्रम इजाजत नं.: १६१४/०७९/०८०

**कतारमा रोजगार** कम्पनी : ANAAZ W.L.L
पूर्व स्वीकृत मितिः २०८१/१०/०२ शहरः QATAR चलानी नं.: ६०२३१३४९ L.T. No.: 317131

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७५९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook/ Assistant Cook | 3 | 0 | | 1500 | ५६९४० | | | | | | | |
| 3. | Cooker | 2 | 0 | | 1800 | ६८३२८ | | | | | | | |
| 4. | Packing Helper | 5 | 0 | | 1000 | ३७९६० | | | | | | | |
| 5. | Waiter | 7 | 0 | | 1400 | ५३१४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोनः ०१-५९०४०५८
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile: 9813737367 / 9851343472 / 9851343372
Gov.Lic. No. 818/066/067

**युएईमा रोजगार** कम्पनी : STARGATE BUILDING SOLUTION L.L.C
पूर्व स्वीकृत मितिः २०८१/०८/०५ चलानी नं.: ६०२१८५१० LT. No.: 314113 शहर : Dubai पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaners (Janitorial) | 50 | 0 | स. काममा दक्ष | 1000 | ३७,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Housekeeping जान्नेलाई विषेश प्राथमिकता दिइनें छ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ९ गते (22 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457, Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Contact No: 9851235143, 9841468330, 9823045797, 9803636760, 9825468674, 9841136727, 9844064089

मध्यान्ह
www.madhyanhadaily.com
३ माघ २०८१ बिहीबार
16 January 2025, Thursday

## सम्पादकीय

# प्रधानमन्त्रीबाट नआएको जबाफ

राष्ट्रपतिको कार्यालयबाट जारी अध्यादेशहरूको प्रतिरक्षा गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार पत्रकार सम्मेलनकै आयोजना गरे । प्रधानमन्त्रीको तर्कअनुसार सरकारलाई गति दिन र जनताको सेवा प्रवाहलाई प्रभावकारी बनाउन अध्यादेश ल्याउनुपरेको हो । अध्यादेशको प्रतिरक्षाकै क्रममा प्रधानमन्त्री ओलीले सरकार टिक्ने विश्वास पनि दिलाए । गत २६ पुसको मन्त्रिपरिषद् बैठकबाट सिफारिसमध्ये एउटा अध्यादेश रोकेर ४ वटा मात्र अध्यादेश राष्ट्रपतिको कार्यालयबाट जारी भएका थिए । तर, प्रधानमन्त्रीले पत्रकार सम्मेलन गरिरहँदा राष्ट्रपति कार्यालयमा रोकिएको भूमिहीन सुकुम्बासीलाई जग्गा बाँड्ने अध्यादेशसमेत जारी भयो । यसरी ५ वटै अध्यादेश राष्ट्रपतिको कार्यालयबाट जारी भएको अवस्थालाई देखाएर प्रधानमन्त्री ओलीले सरकार टिकाउन कुनै समस्या नरहेको दाबी गरे ।

सत्ता साझेदार नेपाली कांग्रेसको नेतृत्व पनि अध्यादेश ल्याउने निर्णयमा सहमत रहेको प्रधानमन्त्रीको तर्क थियो । कांग्रेस नेतृत्व, कर्मचारी संयन्त्र र विज्ञहरूको समेत सहमतिमा अध्यादेश ल्याइएकाले यसमा कुनै समस्या नरहेको तर्क प्रधानमन्त्रीले गरे । प्रधानमन्त्रीको विशेष जोड सरकारकै आयुसँग जोडिएको थियो । विपक्षी दलहरूले सरकारविरोधी मोर्चाबन्दी थालेको, प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार नटिक्ने अभिव्यक्ति दिइरहेको लगायत सन्दर्भमा प्रधानमन्त्रीले यस्तो विश्वास आवश्यक पनि होला तर छोटो सम्बोधनमा प्रधानमन्त्री ओलीले दिनै पर्ने जबाफचाहिँ दिन सकेनन्, दिन चाहेनन् जबकि आमरूपमा उठिरहेको स्वाभाविक प्रश्न छ– संसद् अधिवेशन नबोलाएर ५/५ वटा अध्यादेश किन ?

प्रधानमन्त्री ओली र उनका मन्त्रिपरिषद्का सदस्यहरूले सरकारलाई गति दिन अध्यादेश आवश्यक परेको तर्क गरिरहेका छन् । तर, जुन काम अध्यादेशबाट गरिएको छ, त्यो काम संसद्बाट किन गरिएन ? यो प्रश्नको जबाफ संभवतः प्रधानमन्त्रीसँग छैन । त्यसै पनि संसद् अधिवेशन बोलाउन ढिलाइ भइसकेको छ । गत ३१ भदौमा अन्त्य गरिएको अधिवेशन ४ महिना बित्दासम्म बोलाइएको छैन । ६ महिनासम्म त अनिवार्य अधिवेशन बोलाउनै पर्ने वैधानिक व्यवस्था छ तर वैधानिक व्यवस्थाको छिद्र उपयोग गरी अधिवेशन नबोलाउनु र अध्यादेशबाट शासन गर्ने कदम सही होइन । सेवा प्रवाह, विकास निर्माण र सरकार संचालनको निर्णय जनअनुमोदित एवं पारदर्शी हुन आवश्यक छ । लोकतन्त्रको यो सामान्य प्रक्रिया हुन् तर प्रक्रिया मिचेर जाने हो भने जतिसुकै पवित्र काम गरे पनि स्वीकार्य हुन्न । त्यसैले प्रधानमन्त्रीले अलोकतान्त्रिक बाटो हिँड्न हुन्न, संसद् छलेर अध्यादेशको शासन रोकिनुपर्छ ।

# योग, स्वास्थ्य र समृद्धि

*जब हामी योगको पद्धतिमा प्रवेश गर्छौं, रोग, अभाव समाप्त भएर जान्छ र त्यसले स्वाभाविक रूपमा समृद्धि ल्याउँछ । हाम्रो योगको विज्ञान र विधिअनुसार अरूलाई सिकाउन थाल्यौं भने समृद्धि बढ्छ...*

अग्रलेख



● एल. पी. भानु शर्मा



योग शब्द संस्कृतको 'युज्' धातुबाट बनेको हो, जसको अर्थ जोड्नु भन्ने हुन्छ । आत्माको परमात्मासँगको मेल वा जोड नै योग हो । यो एक पूर्ण मनुष्य बन्ने जीवन पद्धति पनि हो ।

सर्वांगीण स्वास्थ्यको विज्ञान पनि हो । योगले प्रत्येक मनुष्यलाई सबै दुःखबाट मुक्ति प्राप्त गर्ने मार्ग पनि दिलाउँछ । योग साधना हाम्रो प्राचीन सभ्यताको मौलिक उपज हो । योग हाम्रो प्राचीन ज्ञानशास्त्रको महत्त्वपूर्ण विधा हो र यसले मानिसको शरीर, मन र कर्मलाई एकै स्थानमा अवस्थित गर्छ । मन, शरीर र कर्मको दुरी हटाई एकरसता प्रदान गर्नु योग हो ।

योग जीवन जोड्नु वा स्थापित गर्नु हो । जोड २ चरणमा सम्भव छ । पहिलो, आफूभित्र रहेका सम्भावना र क्षमतासँग जोड्नु हो । क्षमता र सम्भावना मुख्यतः स्वास्थ्यको सम्भावना र सुख, शान्ति, प्रेम, आनन्द, समृद्धिको सम्भावना हामीभित्र लुकेको हुन्छ । मानिसलाई जे सम्भावना दिएको छ, त्यसको भरपूर उपयोग गर्नु नै योग हो ।

दोस्रो, योगको माग जसरी आफ्नो क्षमतासँग जोडिन चाहन्छ, अरूलाई आफ्नो क्षमता र सम्भावनालाई जोड्न मद्दत गर्नु योग हो । हामी हरेक व्यक्ति आन्तरिक र बाह्य जीवन जिउन चाहन्छौं ।

योगको माध्यमबाट मात्र आन्तरिक र बाह्य जीवनलाई जोड्न सकिन्छ । जसले जोड्न पहल गर्छ, यसको जीवनमा नेतृत्वकलाको पनि विकास हुन्छ । हरेक व्यक्तिभित्र नेतृत्व क्षमता हुन्छ । त्यस्तो क्षमता भनेकै योग हो ।

योगको सरल, प्राकृतिक र मौलिक चरित्र हुन्छ । सरल यस अर्थमा कि योग जसले पनि गर्न सक्छ । यसमा कुनै जटिलता हुँदैन । हाम्रो शारीरिक संरचना नै योगको अभ्यास गर्नेगरी प्राकृतिक रूपमै निर्माण भएको छ । मौलिक यस अर्थमा कि योग हिमवत् खण्डबाट सिर्जित भएको विद्या हो । यो हाम्रो मौलिकता हो, सम्पत्ति हो र क्षमता पनि हो ।

योगलाई हामी प्रत्येक व्यक्तिले जीवन पद्धति बनाउन सक्नुपर्छ । यसलाई व्यक्तिगत रूपमा मात्र नभई सामाजिक र सरकारी तहबाटै आत्मसात् गर्नु आवश्यक छ । समाज स्वस्थ त्यतिखेर हुन्छ, जब हरेक व्यक्तिले योगलाई प्रयोग गर्छन् । जब हामी योगको पद्धतिमा प्रवेश गर्छौं, रोग, अभाव समाप्त भएर जान्छ र त्यसले स्वाभाविक रूपमा समृद्धि ल्याउँछ । हाम्रो योगको विज्ञान र विधिअनुसार अरूलाई सिकाउन थाल्यौं भने समृद्धि बढ्छ ।

योगले आफूलाई सक्रिय र सजग बनाउँछ, सम्बन्ध बढाउन ऊर्जा बढाउने काम गर्छ भने स्वतः भाइचाराको विकास हुन्छ, बन्धुत्वको भाव आत्मीय रूपमा विकास हुन्छ । योगलाई व्यापक अर्थमा प्रयोग गर्न सकिन्छ ।

योगको पहुँच नेपालमा भएका आयुर्वेदिक पद्धति, प्राकृतिक चिकित्साका पद्धतिसँग रहेको छ । हाम्रा अमूल्य जडीबुटीहरू, मठ-मन्दिर, ध्यान केन्द्रहरू, जात्रा-महोत्सव जस्ता धार्मिक साँस्कृतिक अवयवहरू योगसँग नै जोडिएका हुन्छन् ।

विगत केही वर्षयता विश्वमा योग विज्ञानको प्रभाव र अभ्यास गर्ने व्यक्तिहरूको संख्यामा निरन्तर वृद्धि भइरहेको छ । नेपाल सरकारले पनि योगलाई स्वास्थ्य र कल्याणका लागि महत्त्वपूर्ण अभ्यासका रूपमा अघि सार्नु आवश्यक छ । विभिन्न विद्यालय, विश्वविद्यालय र समुदाय स्तरमा योग अभ्यासलाई प्रोत्साहन गर्न सकिन्छ ।

नेपाल योगको उत्पत्तिसँग जोडिएको देश मानिन्छ । योग प्राचीन वैदिक परम्पराबाट आएको हुनाले यसको जरा नेपाली समाज र धर्ममा गहिरो छ । विश्व समुदायमा नेपालले जहिले पनि शान्ति र आरोग्यको कामना गर्दै आएको छ । विश्वमा अहिले आरोग्य पर्यटन बढ्दो छ । यसको फाइदा नेपालले लिन सक्नुपर्छ । यसले मुलुकको समृद्धिका साथै विश्व शान्तिमा पनि नेपालले योगदान गर्न सक्छ ।

नेपाल जस्तो हिमाली देशमा योग पर्यटनलाई प्रवर्द्धन गरेर विदेशी पर्यटकलाई आकर्षित गर्ने ठूलो सम्भावना छ । नेपालसँग प्राकृतिक, धार्मिक र साँस्कृतिक सम्पदाको प्रसस्त सम्भावना छ । यी सबै सम्पदाहरू आरोग्यसँग जोडिएका छन् ।

एक अध्ययनले सन् २०३० सम्म विश्वव्यापी रूपमा पर्यटनको २० देखि २५ प्रतिशत हिस्सा आरोग्य पर्यटनले ओगट्ने देखाएको छ । त्यसैले नेपाललाई आरोग्य गन्तव्यको रूपमा विकास गर्न सकिएमा पर्यटनको माध्यमबाट ठूलो फाइदा लिन सकिन्छ ।

विगतमा जस्तो पर्यटनलाई नहेरी सरकारले आरोग्य पर्यटनको नेतृत्व लिनेगरी नीति, योजना र कार्यक्रमहरू बनाउनु आवश्यक छ । यसका लागि हामीसँग राम्रो क्षमता छ । आरोग्य पर्यटनबाटै मुलुकले अर्थतन्त्रको आधार विन्दुको रूपमा स्वीकार गरी घोषणा गरी अघि बढ्नुपर्छ । यसमा सरकार र निजी क्षेत्र दुवैको उत्तिकै भूमिका रहेको छ ।

अन्य पर्यटकको तुलनामा आरोग्य पर्यटकले ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने सन् २०२१ मा गरिएको एक अध्ययनले देखाएको छ । नेपालमा आउने पर्यटकहरू भनेका खासगरी आरोग्य पर्यटकहरू नै हुन् ।

यहाँको प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको स्वाद लिन नै उनीहरू आएका हुन्छन् । अब हामीले

*विश्वमा अहिले आरोग्य पर्यटन बढ्दो छ । यसको फाइदा नेपालले लिन सक्नुपर्छ । यसले मुलुकको समृद्धिका साथै विश्व शान्तिमा पनि योगदान गर्न सक्छ*

विधिवत् रूपमै छुट्टै गहिरो, प्रभावकारी अर्थतन्त्रमा टेवा पुग्नेगरी आरोग्य पर्यटनलाई विकास गर्नुपर्छ ।

आरोग्य पर्यटनको महत्त्व बुझेका देशहरूले यसलाई ब्रान्डिङ गर्न खोजिरहेका छन् । नेपालको मौलिकता यस्तो छ कि यसका लागि हामीले अलग्गै पूर्वाधार वा अन्य प्रयासहरू गर्न जरुरी छैन, नेपालको उत्पत्तिसँगै विकास भएर आएका छन्, मात्र हामीले त्यसलाई व्यवस्थित रूपमा संचालन गरे पुग्छ । त्यसैले नेपाल भ्रमणमा आउने पर्यटकहरू सुन्दर भाव लिएर फर्किन्छन् । नेपाललाई उनीहरू स्वास्थ्य र शान्ति प्राप्त गर्न सकिने देशको रूपमा लिने गर्छन् । तसर्थ, नेपालले योगलाई सांस्कृतिक र ऐतिहासिक रूपमा महत्त्व दिनुपर्छ ।

आज हामी स-साना समस्याहरूसँग पनि जुध्ने क्षमता गुमाइरहेका छौं । आफूभित्र रहेको अपार सम्भावनालाई खोज्न नसक्दा ठूलो युवा शक्ति विदेश पलायन भइरहेको छ । विदेशीहरूले भने हाम्रा होटेल, होमस्टे, ध्यान केन्द्रहरूमा नै ठूलो ज्ञान शक्ति आर्जन गरिरहेका छन् । हामी किन पछाडि पर्‍यौं ? हामी किन विदेशीलेझैं फाइदा लिन सकेनौं ?

सबै हामीभित्रको अन्तर्निहित क्षमताको कारण हो । यसलाई पहिचान गर्नु पनि हाम्रा लागि सबैभन्दा महत्त्वपूर्ण कुरा हुन जान्छ ।

**(जीवन विकास विशेषज्ञ शर्मासँग गरिएको कुराकानीमा आधारित ।)**

## इतिहासमा आज

१६ जनवरी २००८ मा पाकिस्तानको वजिरिस्तानको वाना क्षेत्रमा आतंकवादी हमलामा ३० सैनिक बेपत्ता भएका थिए ।



१६ जनवरी १९९६ मा हब्बल अन्तरिक्ष दूरबिनका वैज्ञानिकहरूले अन्तरिक्षमा १०० भन्दा बढी आकाशगंगा पत्ता लगाउने दाबी गरेका थिए ।



१६ जनवरी १९९१ मा अमेरिकाले इराकविरुद्ध सैन्य बारबाही गरी पहिलो खाडी युद्ध सुरु गरेको थियो ।



१६ जनवरी १९६९ मा सोभियत अन्तरिक्ष यानहरू 'सोयुज ४' र 'सोयुज ५'बीच पहिलो पटक अन्तरिक्षमा सदस्य आदानप्रदान भएको थियो ।



# वैदेशिक रोजगारीका बाध्यता

टिप्पणी



● ईश्वर बुढाथोकी

*आत्मनिर्भर अर्थतन्त्र निर्माणको दिशा र गतिलाई रेमिट्यान्सको प्रवाहले बिथोलेको छ । स्वदेशको विकासमा समर्पित हुनुपर्ने युवा जनशक्ति बिदेसिन बाध्य छ । यो स्थिति देशको निम्ति चिन्ताको विषय हुनुपर्छ...*

बेरोजगार व्यक्तिले अरू कुरा सोच्न सक्दैन । उसको बाध्यता नै रोजगारीको खोजी हुन जान्छ । नेपालको सन्दर्भमा अधिकांश युवाहरूका लागि वैदेशिक रोजगारी निर्विकल्प बनेको छ । विदेशिने कुरा बाध्यकारी विकल्प बनिरहेको छ ।

यदि स्वदेशमै पर्याप्त रोजगारीका अवसरहरूको सिर्जना हुन सकेको भए अवस्था त्यस्तो हुने थिएन । घरदेशमै रोजगारीको सम्भावना र भविष्य देखाउन नसक्नु राज्यको कमजोरी हो ।

तर, वैदेशिक रोजगार आफैंमा नराम्रो होइन । यस क्षेत्रमा देखापरेका जोखिम तथा चुनौतीलाई कम गर्दै अवसरहरूबाट बढी मात्रामा कसरी लाभ लिन सकिन्छ भन्ने विषयलाई सकारात्मक रूपमा लिइनुपर्छ । वैदेशिक रोजगारी नेपालीहरूका लागि आर्थिक समृद्धिको अवसर हो र यसबाट नेपालले मनग्य फाइदा लिन सक्नुपर्छ । यद्यपि, यसलाई दीर्घकालीन रूपमा बुझ्नु सही हुँदैन ।

नेपालीहरू विश्वका विभिन्न १११ मुलुकमा वैधानिक हिसाबले गएका छन् । कतिपय अन्य मुलुकमा पनि नेपालीहरू रोजगारी खोज्दै गएका छन् । नेपालले अधिकांश मुलुकसँग श्रम सम्झौता गर्न सकेको छैन, जसका कारण रोजगारीमा गएका नेपाली श्रमिक जोखिममा पर्ने गरेका छन् ।

वैदेशिक रोजगार बोर्डका अनुसार आर्थिक वर्ष २०६५/०६६ पछिको यो अवधिमा वैदेशिक रोजगारीका क्रममा १४ हजार २१३ जनाको मृत्यु भएको छ भने ३ हजार ४४० जना श्रमिक बिरामी तथा अंगभंग भएर फर्किएका छन् । विदेशमा अलपत्र परेका श्रमिकको समस्याको सुनुवाइपछि सम्बोधन गर्दै तिनलाई जोखिमपूर्ण अवस्थाबाट मुक्त गर्न राज्यकै जबाफदेहिताको खाँचो हुन्छ ।

एकातिर भाषा र सीपको व्यवस्था नहुँदा अधिकांश युवा वैदेशिक रोजगारीमा ठगिने गरेका छन् भने अर्कातिर राज्यले श्रम सम्झौता नगर्दा समस्या बनेको छ । कम्तीमा पनि आफू काम गर्न जाने देशका बारेमा अध्ययन गर्ने र त्यहाँको भाषा जान्ने विषय निकै नै महत्त्वपूर्ण हुन्छ । सँगै, सीप सिक्नु त निकै नै आवश्यक कुरा हो ।

सरकारले नीतिगत रूपमा उल्लेखित विषयलाई सम्बोधन गर्न खोजेको छ तर व्यवहारगत रूपमा सम्बोधन गर्न सकेको छैन । यसका कारण वैदेशिक रोजगारीमा जाने श्रमिकहरू जोखिममा छन् । समस्यामा परिरहेका छन् ।

आज हामीले भन्नै पर्छ, मुलुकको अर्थतन्त्र चलाउने आधार नै रेमिटचान्स हो । यसले आर्थिक संकट टार्न ठूलो सहयोग गरेको छ । तर, रेमिटचान्सको आर्थिक प्रवाहले सिर्जना गरेको नवसम्पन्नता दिगो रहन भने सक्दैन ।

नेपालीहरू सधैं रोजगारीका लागि विदेश जान पाइरहन्छन् भन्ने कुनै सुनिश्चितता छैन । कथं कदाचित् भोलि विदेश जाने प्रक्रियामा पूर्ण बिराम लाग्यो भने नयाँ खालका असन्तुष्टि र तनाव बढ्न सक्छन् । त्यसैले रेमिटचान्सबाट प्राप्त रकम सकेसम्म बढी उत्पादनशील क्षेत्रमा प्रयोग गर्नु जरुरी छ ।

रेमिटचान्सले थेगेको अर्थतन्त्र दीर्घकालीन हुँदैन । विश्वमा कहीँ पनि रेमिटचान्सबाट समृद्धि प्राप्त गरेको उदाहरण छैन । यो तत्कालीन राहतको विषय हो । यसबाट उच्च लाभ लिन सक्नु मुलुकको हितमा हुन्छ ।

आज ८० प्रतिशत कृषिमा आधारित भनिने हाम्रो अर्थतन्त्रमा अहिले झण्डै ५६ प्रतिशत घरधुरीले रेमिटचान्स प्राप्त गर्न थालेका छन् । हाम्रो कृषिप्रधान अर्थतन्त्र अहिले रेमिटचान्सप्रधान बन्दै गएको छ ।

आत्मनिर्भर अर्थतन्त्र निर्माणको दिशा र गतिलाई रेमिटचान्सको प्रवाहले बिथोलेको छ । स्वदेशको विकासमा समर्पित हुनुपर्ने युवा जनशक्ति बिदेसिन बाध्य छ । यो स्थिति देशको निम्ति चिन्ताको विषय हुनुपर्छ ।

यसमा मूल दोष शासन प्रणाली चलाउने शासकहरूकै थाप्लोमा जान्छ भने अंशतः दोष हामी जनताको पनि छ । हामीले नै अहिलेको शासन प्रणाली र शासकहरू रोजेका हौं । विश्वका विकसित देशको आर्थिक विकास त्यसै भएको होइन । काम गर्न खोज्नेलाई राज्यले काम उपलब्ध गराउनुपर्छ । काम गरेर नै देश विकास हुने हो । श्रम गर्नेलाई राज्यले उत्साह र प्रोत्साहन दिनुपर्छ ।

## सामाजिक सञ्जाल



**हरि रोका**

दलाल नोकरशाही पुँजीवादको नायक भएर निस्कियो सरकार । अध्यादेशमार्फत यो गठबन्धन सत्तामा जति दिन बस्छ, सक्दो फाइदा लिन्छ । जनताले एक छाक खाएर जुटाएको ढुकुटी कति दिन असुरक्षित राख्ने ? अब त जनताले विकल्प खोज्नै पर्छ ।

न्यायालयमा आफ्नो दलका मुन्छे भरेर सत्तालाई सुरक्षित राख्न सकिन्छ भन्ने सोच अस्पतालको स्टाफलाई भनसुन गरेर ल्याब रिपोर्ट सच्याएको भरमा स्वस्थ रहन सकिन्छ भनेजस्तै हो । तर, खै किन हो हाम्रा प्रमुख दलको जोडबल भने त्यस्तै उल्टो बाटोतिर छ ।



**सूर्यराज आचार्य**



**रामेश कोइराला**

यस्ता आदेश, ऐन, नियमावली, निर्देशन वा निर्देशिकाभन्दा चाहिएको चाहिँ दह्रो अनुगमन र दण्ड/पुरस्कारको व्यवस्था हो के नेताजी ! सरभन्दा अघिका सप्पै शासकहरू २ मा २ जोडे ४ भन्नेसमेत नजानेका अबुझ थिएनन् । मान्छे बन्नुस्, त्यो पाइन्टबाहिर कट्टु लाउने सुपरम्यान नबन्नुस् ।

भनिन्छ, कानुन सबैका लागि सम्मान हुन्छ तर व्यवहार त्यस्तो पाइँदैन । कतिपय केसमा अदालतले छाड्ने आदेश दिए पनि प्रहरीले अर्कै केसमा छानबिन गर्नुपर्ने छ भन्दै अदालतकै गेटबाट पक्राउ गरेका घटना धेरै छन् तर कास्कीबाहेक ४ वटा जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेका रविलाई छुट हुनु अचम्म छ !



**राधाकृष्ण कटवाल**

# बज्रयोगिनी साधना केन्द्रले मनायो १०औं राष्ट्रिय योग दिवस



**काठमाडौं/मस-** काठमाडौं तारकेश्वर नगरपालिका ४ लोलाङ्गमा संचालित बज्रयोगिनी योग साधना केन्द्रले १०औं राष्ट्रिय योग दिवस भव्य रुपमा सम्पन्न गरेको छ। तीन दिवसीय कार्यक्रमको आयोजना गर्दै पहिलो दिन पुस २८ गते फरक क्षमताका व्यक्तिहरुसँग योग, पुस २९ गते दोस्रो दिन योग साधन र दर्शनका विषयमा सत्संग र माघ १ राष्ट्रिय योग दिवसका दिन प्रोटोकल अनुसारका योग साधना गर्नुका साथै तारकेश्वर नगरमा रहेका मठ मन्दिर परिसरको बृहत् सरसफाइ गर्दै कार्यक्रम सम्पन्न गरेको छ। तेस्रो दिनको कार्यक्रममा युवा समिति नेपालको समेत सहकार्य रहेको थियो।

कार्यक्रमको अध्यक्षता केन्द्रका अध्यक्ष सुमन थापाले गरेका थिए। पतन्जली योग तारकेश्वर नगर समितिका उपाध्यक्ष जगनाथ ज्ञावालीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नगर योग कमिटीका (मिडिया प्रभारी) प्रचार-प्रसार संयोजक कमल पन्त, (शाशी), नगर योग कमिटी सदस्य केदार अधिकारी, सल्लाहकार बिष्णु तिवारी, युवा समिति नेपालका कुमार श्रेष्ठ लगायतले १० औं योग दिवसको शुभकामना मन्तव्य राखेका थिए। संस्थाकी उपाध्यक्ष मैयाँ केसीले उपस्थित सबैमा धन्यवाद ज्ञापन गरेकी थिइन्। कार्यक्रको सञ्चालन संस्थाका सचिव राजेन्द्र घिमिरे सागरले गरेका थिए।

कार्यक्रममा संस्थाका अध्यक्ष सुमन थापाले तीन दिवसीय कार्यक्रमको भव्यताले उत्साह जगाएको बताउँदै फरक क्षमता भएका व्यक्तिहरुमा योग पुऱ्याउने हाम्रो अभियान अन्तर्गत दृष्टि विहीनहरुसँग योग ध्यान गर्नुका साथै बज्रयोगिनी योग साधना केन्द्रको तर्फबाट केही खाद्य सामग्रीहरु समेत सहयोग गरेको बताए।

हरेक मानिसभित्र भएका नकारात्मक सोच विचार हटाउँदै सकारात्मक सोचको विकास गर्न, स्वस्थ शरीर र आनन्दित मन बनाउन योग ध्यान प्राणायाम जन-जनमा पुऱ्याउनु आफू निरन्तर लागि रहने उनले प्रतिबद्धता जनाए। उनले १० औं राष्ट्रिय योग दिवसको उपलक्ष्यमा सबैमा शुभभाव व्यक्त गरे। यस्तै युवा समिति नेपालका तर्फबाट कुमार श्रेष्ठले बज्रयोगिनी योग साधना केन्द्रको सक्रियताको प्रशंसा गर्दै पटक-पटक सहकार्य गर्न पाएकोमा खुशी व्यक्त गरे।

प्रमुख अतिथि जगतनाथ ज्ञवालीले योग ध्यानको बारेमा आफ्नो भनाइ राख्दै सबै योग साधक साधिका र गुरुजनहरुमा १०औं राष्ट्रिय योग दिवसको शुभकामना व्यक्त गरे। कार्यक्रममा विभिन्न साधना केन्द्रका प्रतिनिधिका साथै उल्लेखनीय रुपमा साधक साधिकाको उपस्थिति रहेको थियो।

# गायिका केसीलाई पितृशोक



**काठमाडौं/मस-** गायिका सिर्जना केसीलाई पितृशोक परेको छ। गायिका केसीका पिता सुरेशकुमार थापाको निधन भएको हो। वन विभागका सेवानिवृत्त कर्मचारी थापाको निमोनियाका कारण ६९ वर्षको उमेरमा निधन भएको हो। उनको गत पुस २८ गते ब्लु क्रस अस्पतालमा निधन भएको हो।

स्व.थापाको धार्मिक परम्पराअनुसार अन्तिम संस्कार गरिसकिएको पारिवारिक स्रोतले जनाएको छ। स्व.थापाका श्रीमती, २ छोरी र २ छोरा रहेका छन्।

# मेयरमाथि प्रश्न उठाउँदै नगर कार्यालय घेराउ



**रौतहट/मस-** रौतहटको बौद्धिमाई नगरपालिकाका मेयर प्रदीप यादवविरुद्ध नाराजुलुससहित प्रदर्शन गरिएको छ। बौद्धिमाई नगरपालिकाको बंकुल बजार स्थित कार्यालय अगाडि पार्टीले मेयरकोविरुद्ध नारा लगाउँदै स्थानीयले कार्यालय घेराउ समेत गरेका छन्।

'भ्रष्टाचारी मेयर मुर्दावाद, भ्रष्टाचारीलाई कारबाही गर, दोषीलाई कारबाही गर' लगायतका नारा लगाउँदै उनीहरुले मेयरको कार्यशैलीको विरोध गरेका छन्। मापदण्ड नबनाइ मनोमानी रुपमा मेयर यादवले विपक्षीको घर भत्काउने र सडक विस्तारको नाममा दुःख दिएको भन्दै स्थानीय आक्रोशित भएका छन्। स्थानीय अगुवा एवं पूर्व वडाध्यक्ष श्रीभगवान पटेलले मापदण्ड बनाएर सडक विस्तार गर्नुको साटो मेयरले मनोमानी रुपमा विपक्षीको घर भत्काउने र दुःख दिने गरेको आरोप लगाए।

'मेयर आफैले लट्ठी लिएर स्थानीयलाई कुटपिट गरे, घरमा तोडफोड गरेकाले मेयरलाई कारवाही हुनुपर्छ,' पटेलले भने।

मेयर यादवको मनोमानी कार्यको विरोध गरेकै कारण स्थानीय गंगाराम बैठकलाई रौतहट अदालतले पूर्वपक्षका लागि थुनामा पठाउने निर्णय गरेपछि मेयरले मेरो मुठीमा न्यायाधीश, प्रहरी, प्रशासन रहेको भन्दै मान्छेलाई धम्क्याउने गरेको स्थानीय पटेलले बताए।

यस्तै आन्दोलनकारीले मेयर यादवले विभिन्न आयोजनामा गरेको भ्रष्टाचारको छानबिन हुनुपर्ने, दोषीलाई कारबाही हुनुपर्ने लगायतका माग समेत गरेका छन्। सो अवसरमा जनता समाजवादी पार्टी नेपालका महासचिव त्रिभुवन साहले न्यायाधीश मेरो मुठीमा रहेका भन्दै हिँडिरहेका मेयर यादवलाई छानबिन गरी कानुनी दायरमा ल्याउन माग गरे।

यसैबीच नगरप्रमुख यादवले प्रभु साहको नीतिगत भ्रष्टाचार एवं अपराधिक कार्यका कारण रौतहट क्षेत्र नम्बर ३ अहिले आक्रान्त बनेको गम्भीर आरोप लगाएका छन्।

बुधबार आयोजित पत्रकार सम्मेलनमार्फत नगरप्रमुख यादवले विकास निर्माणको कार्य गर्ने क्रममा सार्वजनिक बाटो अतिक्रमण गरेर बनाइएका भौतिक संरचनालाई हटाउन पटक-पटक सूचना जारी गर्दै माइकिङ लगायतको प्रक्रियाहरु अपनाएको बताए। उनले वडा नम्बर ८ मा नाला निर्माण गर्न ठेक्का बन्दोबस्त गरेपनि निर्माण कार्यमा अवरोध पुऱ्याउँदा समेत नमान्दा स्थानीय सरकार संचालन ऐन २०७४ को ४५-३ मा दिएको ऐन अधिकार प्रयोग गरेर अघि बढ्दा राष्ट्र सेवक कर्मचारी एवं जनप्रतिनिधिमाथि सांघातिक आक्रमण भएको बताए।


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
बौद्ध शाखा,काठमाडौं।

## यस बैंकमा रहेको बचत डिपोजिट उपर ३५ (पैतिस) दिने हकदाबी सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/१०/०३

श्री दानु शेर्पाको नाती, श्री जिकु शेर्पा /श्रीमती ल्हेमी शेर्पाको छोरा, कर्णाली प्रदेश सोलुखुम्बु जिल्ला काँकु गा.वि.स वडा नं ०५ को (परिवर्तित माप्यदुधकोशी न.पा वडा नं ०५) स्थायी ठेगाना भई हाल बाग्मती प्रदेश काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा वडा नं ०५ बस्ने श्री बाबु शेर्पा (ना.प्र.नं ४४२४/७ जारी मिति २०५१/०१/०९/०६ जि.प्र.का. सोलुखुम्बु) को नाममा यस बैंकको शाखा कार्यालय बौद्ध,काठमाडौंबाट बचत खाता नं. ००६०१०००००७७९०४५ उपभोग गरी आउनु भएकोमा निजको आमा श्रीमती ल्हेमी शेर्पा, (ना.प्र.नं ४४०/९६४/२०४६ जारी मिति २०६६/०७/१३ जि.प्र.का. सोलुखुम्बु) ले श्री बाबु शेर्पा को मिति बि सं २०८१/०८/२७ गते मृत्यु भएको भनी मृतकको हकवाला आमा नाताको श्रीमती ल्हेमी शेर्पाले यस बैंकमा रहेको उक्त बचत खाता उपर आफ्नो हक कायम गरी पाऊँ भनी मिति बि.स.२०८१/०९/११ मा आवश्यक कागजात सहित यस बैंकको बौद्ध शाखा कार्यालय, काठमाडौंमा निवेदन दिनु भएको हुदां निज मृतकको नाममा यस बैंकमा रहेको बचत खातामा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको बौद्ध शाखा कार्यालय, काठमाडौंमा हकदाबी गर्न आउनु होला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम निवेदकको नाममा हक कायम भै जानेछ र पछि कसैको कुनै उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank



## कुवेतमा रोजगार

कम्पनीः ALAMIAH FACTORY FOR THE PRODUCTION OF PRECAST ELEMENTS OF BUILDING शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१०/०२ चलानी नं.: ६०२३१३३५ LT. No.: 316997

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४९,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Welder | 20 | 0 | | 120 | ५३,७६४ | | | | | | | |
| 3. | Helper | 30 | 0 | | 95 | ४२,५६३ | | | | | | | |
| 4. | Mason. | 60 | 0 | | 110 | ४९,२८४ | | | | | | | |
| 5. | Steel Fixer | 60 | 0 | | 110 | ४९,२८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोनः ०१४९६३४०३, ०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८



## कतारमा रोजगारको अवसर

कम्पनीः Al Badiya Trading & Contracting Co शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८१/१०/०२ चलानी नं.:६०२३१३६० LT. No.: 317133

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Guard | 3 | 0 | | 1500 | ५६,९४० | | | | | | | |
| 3. | Tile Technician | 3 | 0 | | 1100 | ४१,७५६ | | | | | | | |
| 4. | General Furniture Carpenter | 2 | 0 | | 1100 | ४१,७५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ १० गते (23 January 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Red Coral Associates Pvt. Ltd.
Buddhanagar-10, Kathmandu, Tel.: 4797078, 4797278
Mo.: 9851171385, 9851171383, 9851171384
Group Of Companies
Gov. Lic. No. 625/063/064



## सानिमा बैंक लिमिटेडको संस्थापक शेयर खरिद गर्न इच्छुक संस्थापक/व्यक्ति/संस्थाहरूका लागि प्रकाशित १५ दिने सूचना :

यस बैंकका संस्थापक शेयरधनीको ४९,०५० कित्ता संस्थापक शेयर प्रतिशेयर न्युनतम मूल्य रू. १४५।- का दरले बिक्री गर्न बैंकले मिति २०८१।०३।१३ मा सर्वसाधारण व्यक्ति/संस्था समेतलाई खरिद गर्न १५ दिने सूचना प्रकाशित गरेकोमा उक्त शेयर खरिद बिक्री नभएकोले इच्छुक संस्थापक शेयरधनीहरू/योग्य सर्वसाधारण व्यक्ति/संस्थाहरूको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बैंकको केन्द्रीय कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क राखि नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयर खरिदको लागि तोकेको मापदण्ड, Fit & Proper Test तथा प्रचलित कानुनी व्यवस्था अनुसारका प्रमाणित हुने आवश्यक कागजात सहित खरिद मूल्य खुलाई आवेदन गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। शेयर खरिदको लागि आवेदन गर्दा सम्पूर्ण कित्ताको लागि आवेदन गर्नु पर्नेछ।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/१०/०३**

